## बन्धकी भनेको के हो?

बन्धकी भनेको काउन्टी दस्तावेज पंजीकरण विभागमा दाखिल गरिएको एउटा दस्तावेज हो जसले तपाईंको ऋणको निम्ति धितो राखिएको घर वा जमिन किन्न खोज्ने जो कोहीलाई सचेत गराउँछ। उक्त घर बिक्री भएमा वा पूनर्लगानी गरिएमा सो ऋण तिर्नुपर्छ।

## के राज्यले मेरो घर बन्धकीमा राख्ला?

यदि तपाईंले OAA, ANB, वा APTD **नगद** सहायता प्राप्त गर्नुभयो भने, यो सहायता चुक्ता गराउनको लागि राज्यले तपाईंको घर वा जमीनलाई बन्धकीमा राख्नेछ।

यदि तपाई आफू नर्सिङ्‌ होममा बस्नु हुन्छ, र तपाईंको घरमा तपाईंको जीवन साथी, नाबालक वा अपाङ्ग बालबालिका, वा न्यायिक अधिकारवाला सन्तान बस्ने गरेको छैन भने, ५५ वर्षको उमेरपछि पाउनुभएको OAA, ANB, MEAD, वा APTD **चिकित्सा** सहायता (मेडिकएड) को लागि चुक्ता गराउन राज्यले उक्त घर बन्धकीमा राख्नेछ।

## यदि राज्यले मेरो घर बन्धकीमा राख्यो भने के हुन्छ होला?

जब राज्यले तपाईंको घर बन्धकीमा राख्छ, यसको **मतलव यो होइन** कि:

- तपाईंले घर सर्नैपर्दछ या बेच्नैपर्दछ; वा
- राज्यले घर स्वामित्वमा लिन्छ या स्वामित्वमा लिन चाहन्छ।

यसको अर्थ के **हुन्छ** भने जब तपाईं आफ्नो घर या सम्पत्ति बेच्नुहुन्छ वा पुनर्वित्त (refinance) गर्नुहुन्छ, राज्यले उक्त घर या जमिनविरुद्ध राखेको बन्धकी रकम लिनेछ।

यसको अर्थ हुन्छ, बिक्रीबाट आएको पैसा तपाईंले पाउनुभएको OAA, ANB, MEAD, वा APTD सहायता रकम तिर्नको लागि राज्यलाई जान्छ।

## यदि मेरो सम्पत्तिमा अरुको पनि स्वामित्व छ भने के हुन्छ?

यदि तपाईंले OAA, ANB, वा APTD **नगद** सहायता पाउनुभयो, र सम्पत्ति बिक्रि गर्ने बेलामा या पुनर्लगानी गर्ने बेलामा सम्पत्तिचाहिँ तपाईंको जिवनसाथीसँग संयुक्तरुपमा स्वामित्वमा छ भने, र यदि बन्धकी चुक्ता गर्न उक्त रकम पर्याप्त भएमा बन्धकीको पूरै रकम राज्यले उठाउने छ।

यदि तपाईंको जिवनसाथीवाहेक अन्य कसैसँग उक्त सम्पत्तिको संयुक्त स्वामित्व भएमा, **नगद** सहायताको निम्ति तपाईंको उक्त सम्पत्तिको हिस्सा बराबरको बन्धकी रकम मात्र राज्यले उठाउनेछ।

यदि तपाईंले OAA, ANB, MEAD, वा APTD **चिकित्सा** सहायता पाउनुभयो र, उक्त सम्पत्ति संयुक्त स्वामित्वमा छ भने, तपाईंको उक्त सम्पत्तिको हिस्सा बराबरको बन्धकी रकम मात्र राज्यले उठाउनेछ।



## म अब सहायता पाउँदिनँ। म मेरो सम्पत्तिलाई कसरी बन्धकीबाट मुक्त गर्न सक्छु?

सहायता दिइए बराबरको रकम तपाईंले राज्यलाई *स्वैच्छिक रुपमा* भुक्तानि गर्न सक्नुहुनेछ। उक्त भुक्तानि पाउनासाथै राज्यले उक्त बन्धकी हटाउनेछ।

तपाईंले सहायता पाउन बन्द भए तापनि, तपाईंले उक्त सम्पत्ति बेच्नु भयो या पुनर्लगानी गर्नुभयो, वा तपाईंको मृत्यु भयो भने मात्रै राज्यले उक्त बन्धकीमाथि कार्यवाही गर्नेछ।

## सम्पत्तिमाथि दाबी भनेको के हो?

सम्पत्ति भनेको मृत्यु हुने बेलामा एक व्यक्तिको स्वामित्वमा रहेको सम्पूर्ण सम्पत्ति (जस्तै; नगद, बचत, धितोपत्र, जमीन, आदि) हो। चिकित्सा सहायता रकम पुन:प्राप्तिको निम्ति, तपाईंको सम्पत्तिमा जाँचबुझ प्रक्रियाबाट अनुमोदन हुने र उक्त प्रक्रिया बाहिरबाट अनुमोदन हुने गरी दुई किसिमका सम्पत्तिको गणना गरिन्छ। यसमा मृत्यु हुँदाको समयमा एकल या संयुक्त स्वामित्वमा रहेका सम्पत्ति पर्दछन्। यसमा जहिलेसुकै भागबण्डा गरिएको वा प्राप्त गरिएको भए तापनि संयुक्त वा साझेदारी रुपमा वहालमा लगाइएका सम्पत्ति, जीवनपर्यन्त सम्पत्ति तथा जीवित रहँदा गरिएका सम्पत्ति हस्तान्तरण सम्झौताहरु पर्दछन्।

यदि तपाईंको मृत्यु हुँदा तपाईं कसैको (जस्तै राज्य) ऋणी हुनुहुन्थ्यो भने, ती ऋणीले तिनको साँउ फिर्ता गराउन तपाईंको सम्पत्तिमाथि हकदाबी गर्न सक्नेछन्।

जाँचबुझ प्रकृया मार्फत अदालतले निम्न कुराको सुनिश्चित गर्दछ:

- सम्पत्ति माथिको सम्पूर्ण कर्जा वा दाबी प्राप्त भएको;
- कर्जा प्राप्तिपछि बाँकी कुनैपनि सम्पत्ति उचित मानिसमा गएको।

जाँचबुझ प्रकृया बाहिरबाट अनुमोदन हुने सम्पत्तिको निम्ति विभागीय दाबीको सूचना जीवित मालिक वा हकवालालाई पठाइनेछ।

## के राज्यले मेरो सम्पत्तिमा दाबी दर्ता गर्ला?

जब OAA, ANB, MEAD, वा APTD नगद वा चिकित्सा सहायता पाउने कसैको विषयमा जाँचबुझ शुरु गरिन्छ, राज्यले सहायता रकम फिर्ता गराउनको लागि सम्पत्तिमाथि दावी दर्ता गर्न सक्छ।

राज्यले निम्न कुराको लागि तपाईंको सम्पत्तिमाथि दावी गर्न सक्छ:

- OAA, ANB, MEAD, वा APTD नगद सहायता पाउनुभयो र सहायता रकम १०० डलर भन्दा बढी छ; र/वा
- ५५ वर्षको उमेर पशचात् OAA, ANB, MEAD, वा APTD चिकित्सा सहायता पाउँदा, तपाईंको मृत्यु हुने बेलामा अविवाहित वा विधवा हुनुहुन्छ र तपाईंका कोही नाबालक या अपाङ्ग बालक छैनन्।
- ५५ वर्षको उमेर अघि पाएको चिकित्सा सहायताको पून:प्राप्ति भएको छैन।

## यदि मेरो एउटा वारिसनामा छ जसमा मेरो सम्पत्ति राज्य बाहेक अरू कसैलाई जान्छ भनिएको छ भने के हुन्छ?

जाँचबुझ कानूनले बमोजिम वारिसनामामा उल्लिखित कुनै निर्देशन मान्नु अघि नै राज्य लगायत ऋणदातालाई तिर्नु पर्दछ।

सम्पत्ति विरुद्धको सम्पूर्ण कर्जा तिरिसकेपछि यदि कुनै सम्पत्ति बाँकी रहेमा, अदालतले वारिसको निर्देशन बमिजिम गर्नेछ र वारिसनामा भएको उत्तराधिकारीलाई सम्पत्ति हस्तान्तरण गर्ने अनुमति दिनेछ।

## मेरो सम्पत्तिले राज्यलाई तिर्नु नपर्ने त्यस्तो कुनै अवस्था छ कि?

प्राप्त गरिएको सम्पूर्ण नगद सहायता राज्यलाई फर्काउनु पर्दछ।

तपाईं यदि ५५ वर्ष माथिको उमेरको हुनुहुन्छ, र तपाईंका जीवित जीवन साथी, नाबालक, वा अपाङ्ग बालक कोही छैन भने मात्र राज्यले हकदाबी गर्नेछ। यदि चिकित्सा सहायताको पून:भूक्तानिले परिवारलाई कठिनाइ उत्पन्न गराउने भएमा कहिलेकाहीँ पून:भूक्तानि मिनाहा गरिन्छ ।

यदि कठिनाइको कारणले मिनाहा योग्य भएमा तपाईंको परिवार र/वा सम्पत्ति माथिको प्रक्रिया अपनाउने कर्मचारीले कठिनाइको कारण मिनाहाको निम्ति निवेदन दिन र कर्जा परित्याग गराइ पाउन सक्नेछन्।

## राज्यले बन्धकीमा राखेन, तैपनि तिनले सम्पत्तिको दाबी गर्न सक्ने अवस्था छन् कि?

हो। कहिलेकाँहि विभागलाई बन्धकी राख्ने अधिकार हुँदैन तर पनि हकदाबी गर्न सक्छ। अझ, सहायताको निम्ति निवेदन दिँदा र मृत्यु हुँदाको समयको अन्तरालमा धैरै कुराहरु हुन सक्ने हुनाले, यस्तो परिस्थिति पनि आउन सक्छ, जहाँ बन्धकीमा राखिन्न, तर सम्पत्तिको दाबी उचित हुन आउँछ र त्सको ठीक विपरीत पनि।

सम्पत्तिको हकदाबी गर्ने कुरा प्रापकको मृत्युको समयमा रहेको अवस्थामा आधारित हुन्छ।

बन्धकी र सम्पत्तिको दाबी तपाईंको परिस्थितिमा कसरी लागु हुन्छ भन्नेबारेमा थप जानकारीको लागि तपाईंले वकीललाई सम्पर्क राख्नुपर्दछ।

## यदि मेरो सम्पत्तिमा राज्यलाई तिर्ने पर्याप्त कोष भएन भने के हुन्छ?

दाबीको पूरै अंश तिर्नको लागि पर्याप्त नभए पनि राज्यले तपाईंको सम्पत्तिमा उपलब्ध रकम उठाउनेछ।

तपाईंको सम्पत्ति रीतपूर्वक परीक्षण गरिन्छ र प्रक्रिया बन्द भइसकेपछि:

OAA, ANB, वा APTD नगद सहायताको निम्ति बाँकी रहेको कर्जालाई तपाईंको जीवन साथीको मृत्युपछि तिनको सम्पत्तिबाट उठाउन सकिन्छ। तपाईंको मृत्युको बखत जवनसाथी नभएमा बाँकी रहेको कर्जाबाट तपाईंलाई मुक्त गरिन्छ; र/वा

OAA, ANB, MEAD, वा APTD चिकित्सा सहायताको निम्ति बाँकी रहेको कर्जालाई मिनाहा गरिन्छ। राज्यले तपाईंको चिकित्सा सहायताको कर्जा तिर्नको निम्ति मात्र सम्पत्तिमा बाँकी रहेको रकमलाई लिनेछ। राज्यले तपाईंको जीवनसाथीको मृत्युपश्चात् उनको सम्पत्तिबाट रकम उठाउने छैन।



## स्वास्थ्य तथा मानवीय सेवाविभागका जिल्ला कार्यालयहरु

**BERLIN**
650 Main St., Ste. 200
Berlin, NH 03570-2496
752-7800 or
800-972-6111

**LITTLETON**
80 North Littleton Road Littleton, NH 03561-3841
444-6786 or
800-552-8959

**CLAREMONT**
17 Water Street, Suite 301
Claremont, NH 03743-2280
542-9544 or
800-982-1001

**MANCHESTER**
1050 Perimeter Road, Suite 501
Manchester NH 03103-3303
668-2330 or
800-852-7493

**CONCORD**
40 Terrill Park Drive
Concord, NH 03301-9955
271-6201
800-322-9191

**SOUTHERN**
26 Whipple St.
Nashua, NH 03060-3213
883-7726 or
800-852-0632

**CONWAY**
73 Hobbs Street
Conway, NH 03818-6188
447-3841 or
800-552-4628

**SEACOAST**
19 Rye St.
Portsmouth, NH 03801-2862
433-8300
800-821-0326

**KEENE**
111 Key Road
Keene, NH 03431
357-3510 or
800-624-9700

**ROCHESTER**
150 Wakefield Street, Suite 22
Rochester, NH 03867-1309
332-9120 or
800-862-5300

**LACONIA**
65 Beacon Street West
Laconia, NH 03246-9988
524-4485 or
800-322-2121

TTY/TDD Access: Relay NH 1-800-735-2964 or 7-1-1

Form 77s (Ne)
04/06 Rev. 07/11 Rev 4/14 rev3 5/16
SR 06-06

# बन्धकी र सम्पत्तिको दाबी भनेका के हुन्?



*तिनीहरुले प्राप्त गरेको लाभ बापत राज्यलाई भुक्तानि गर्नको निम्ति कानूनले OAA(वृद्धावस्था सहायता), ANB(विपन्न नेत्रहीन सहायता), र APTD(पूर्ण एवं स्थायीरुपमा अपाङ्ग सहायता) नगद सहायता पाउने सबै र OAA, ANB, APTD र MEAD चिकित्सा सहायता पाउने अधिकांशले सुविधा प्राप्त गरे बापत राज्यलाई तिर्नुपर्ने व्यवस्था गरेको छ। राज्यले विगतमा प्रदान गरेको सहायताको रकम दुई तरिकाबाट उठाउने गर्दछ:*

- *यथार्थ सम्पत्तिको बन्धकी; र/वा*
- *प्रापकको मृत्यु पश्चात् सम्पत्तिमाथिको दाबी।*

एनएच स्वास्थ्य तथा मानवीय सेवा विभाग
129 Pleasant Street
Concord, NH 03301-3857
*www.dhhs.nh.gov/DFA*